# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत १० गते २०६१ साल (अतिरिक्ताङ्क ६१ (घ)

## भाग ३

श्री ५ को सरकार

रक्षा मन्त्रालयको सूचना

### शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण (अठारौं संशोधन) नियमहरू, २०६१

शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु,२०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन,२०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण (अठारौं संशोधन) नियमहरु,२०६१ " रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु , २०२० को नियम ३ मा संशोधनः शाही नेपाली सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु,२०२० (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ३ को,-

(१) खण्ड (क), (ख), (च) र (छ) को सट्टा देहायका खण्ड (क), (ख), (च) र (छ) राखिएका छन् :-

"(क) उमेरः दरखास्त दिने व्यक्तिको उमेर दरखास्त दिने अन्तिम दिनसम्ममा अठार वर्ष पूरा भएको र एक्काईस वर्ष ननाघेको हुनु पर्नेछ ।

तर स्नातकोपाधि हासिल गरेको व्यक्तिका हकमा चौबीस वर्ष ननाघेकोसम्मलाई लिन सकिनेछ ।

(ख) सैनिक उम्मेदवारः सैनिक उम्मेदवारको उमेर दरखास्त दिने अन्तिम दिनसम्ममा छब्बीस वर्ष ननाघेको हुनु पर्नेछ । यस्तो सैनिक उम्मेदवारले कम्तीमा दुई वर्षको सेवा अवधि पूरा गरेको, सम्बन्धित सैनिक आधारभूत तालिम गरेको र आफ्नो कार्यालयको सिफारिस प्राप्त गरेको हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) मेडिकल जाँच: सैनिक मेडिकल बोर्डको जाँचमा उत्तीर्ण भएको हुनु पर्नेछ । सो मेडिकल बोर्डले रोग, शारीरिक तन्दुरुस्तिका अतिरिक्त देहायका कुरा समेत हेर्नेछ :-

(अ) उचाई पुरुषको हकमा कम्तीमा ५ फिट ३ इन्च र महिलाको हकमा ५ फिट हुनु पर्ने,

(आ) तौल पुरुषको हकमा कम्तीमा ११० पौण्ड र महिलाको हकमा ८८ पौण्ड हुनु पर्ने,

(इ) छाती नफुलाउँदा पुरुषको हकमा कम्तीमा ३२ इन्च र महिलाको हकमा ३० इन्च हुनु पर्ने,

(ई) चश्मा लगाएको भए प्लस वा माइनस २.५ भन्दा बढी हुनु हुँदैन,

(उ) अङ्ग भङ्ग वा कुरुप हुनु हुँदैन,

(ऊ) बोली स्पष्ट हुनु पर्दछ । लर्बराउने वा भकभके हुनु हुँदैन,

(ए) एकल महिला बाहेक क्याडेट उम्मेदवार अविवाहित हुनु पर्ने ।

तर माथि उल्लिखित व्यवस्थाहरु सैनिक उम्मेदवारलाई लागू हुने छैन ।

(छ) क्याडेट उम्मेदवारले तोकिएको तालिम अवधिभर विवाह गर्न पाउने छैन ।"

(२) खण्ड (ज) झिकिएको छ ।

३. मूल नियमहरुको नियम ७ मा संशोधन: मूल नियमहरुको नियम ७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) हुद्दाले दश वर्ष सेवा अवधि पूरा गरी कम्तीमा तीन वर्षको कायमी सेवा पूरा गरेको हुनु पर्नेछ ।"

४. मूल नियमहरुको नियम १२ मा संशोधन: मूल नियमहरुको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ:-

"१२. आक्टिङ्ग प्रमोशन: प्रधान सेनापतिले आवश्यक देखेमा प्रमोशन जाँचमा उत्तीर्ण भएका अधिकृतहरुलाई आफ्नो पक्का दर्जाभन्दा माथिल्लो दर्जाको खाली पदमा आक्टिङ्ग दर्जामा प्रमोशन दिन सक्नेछ । त्यस्ता अधिकृतले देहाय बमोजिम कमिशन सेवा पूरा गरेको र लायक ठहरिएको हुनु पर्छ:-

| | | |
|---|---|---|
| (क) | सह सेनानी पदका लागि | -चार वर्ष |
| (ख) | सेनानी पदका लागि | -सात वर्ष |
| (ग) | प्रमुख सेनानी पदका लागि | -तेह्र वर्ष |
| (घ) | महासेनानी पदका लागि | -सत्र वर्ष |
| (ङ) | सहायक रथी पदका लागि | -बीस वर्ष |
| (च) | उपरथी र सो भन्दा माथिको पदका लागि | -बाईस वर्ष" |

५. मूल नियमहरुको नियम १८ मा संशोधन: मूल नियमहरुको नियम १८ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन् :-

"(१) शाही नेपाली सेनाका देहायका अधिकृतको पदावधि देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | महारथी | - पाँच वर्ष |
| (ख) | रथी | - दुई वर्ष |
| (ग) | उपरथी | - तीन वर्ष |
| (घ) | सहायक रथी | - चार वर्ष |
| (ङ) | महासेनानी | - पाँच वर्ष |
| (च) | प्रमुख सेनानी | - पाँच वर्ष |
| (छ) | सेनानी (अधिकृत सेवाको कुल) | - बीस वर्ष |

(२) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि लामो अवधि सम्म सेवा गरी शारीरिक रुपमा सक्षम रहेका देहायका अधिकृतको सेवा शाही नेपाली सेनाको लागि आवश्यक छ भनी नियम १७ मा उल्लिखित बोर्डको सिफारिसमा प्रधान सेनापतिबाट विशेष सिफारिस भएमा श्री ५ को सरकारले देहाय बमोजिम पदावधि थप गर्न सक्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) रथी - एक पटकमा एक वर्षमा नबढ्ने गरी बढीमा दुई वर्ष
(ख) उपरथी - दुई वर्षको एक अवधि
(ग) सहायक रथी - दुई वर्षको एक अवधि
(घ) महासेनानी - एकपटकमा एक वर्षमा नबढ्ने गरी बढीमा दुई वर्ष ।
(ङ) प्रमुख सेनानी - पहिलो पटक तीन बर्ष र दोश्रो पटक दुई बर्ष गरी बढीमा पाँच वर्ष ।"

तर यो नियम प्रारम्भ हुंदाका वखत वहाल रहेका देहायका अधिकृतको हकमा देहाय बमोजिम हुनेछ :-

(क) तीन बर्ष कायमी सेवा पूरा गरेका उपरथीको हकमा दोश्रो दुई वर्षको बाँकी अवधि थप गर्ने ।
(ख) पाँच वर्षको पहिलो पदावधि पुरा गरी दोश्रो तीन वर्षको एक अवधि थप भएका सहायक रथीको पदावधि आठ वर्षमा नबढने गरी यथावत् कायम राख्ने ।
(ग) चार बर्ष कायमी सेवा पुरा गरेका सहायक रथीलाई दोश्रो दुई वर्षको एक पदावधिको वांकी अवधि थप गर्ने ।"

आज्ञाले,
विष्णुदत्त उप्रेति
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।